# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७ साल कार्तिक ०८ गते शनिबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभा, कर्णाली प्रदेशको छैटौं अधिवेशन मिति २०७७/०७/०९ गते आइतबार रातको १२.०० बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महिला विकास प्रशिक्षण केन्द्रको नाममा रहेको जग्गा प्रदेश सरकारको नाममा भोगाधिकार प्राप्त गर्न स्वीकृत गर्ने । |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (पहिलो संशोधन)" स्वीकृति गर्ने । |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशमा कोभिड- १९ को लक्षण सहितका विरामीहरुको परीक्षण तथा उपचार प्रदेश सरकारको तर्फबाट निशुल्क रुपमा गर्ने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सुर्खेत विमानस्थलको विकास, विस्तार र स्तरोन्नतिका लागि कर्णाली प्रदेश सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणका बीच भएको समझदारी पत्र (MOU) अनुमोदन गर्ने। |
| ६. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली सूचना प्रबिधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धि ब्यवस्था गर्न बनेको बिधेयक प्रदेश सभा सचिवालयमा दर्ता गर्न स्वीकृति प्रदान गर्ने। |
| ७. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बिपद् जोखिम बीमा सम्बन्धी कार्यविधि २०७७ स्वीकृत गर्ने। |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश बिपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७७ स्वीकृत गर्ने। |
| ९. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | उपभोक्ता संरक्षण सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक, २०७५ फिर्ता लिने अनुमतिका लागि कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १०. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | दस्तुर र जरिबाना प्रचलित कानून बमोजिम हुने गरी प्राइभेट फर्मको नवीकरणको समयावधि २०७७ साल पौष मसान्तसम्म थप गर्ने । |
| ११. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | साविक घरेलु सिल्पकला भण्डार सुर्खेतको पुरानो घर भत्काई सामाग्री लिलाम गर्ने। |
| १२. | भूमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रयोगशाला सहितको अर्गानिक कृषि विकास तथा अनुसन्धान केन्द्र स्थापनाको लागि अध्ययन कार्य अगाडि बढाउने। |

| | | |
|---|---|---|
| १३. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमी समस्या समाधान अयोगको सदस्यमा मुसिकोट ५ रुकुम पश्चिमका बुद्धि प्रसाद सापकोटालाई मनोनयन गर्ने। |
| १४. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश सहकरी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १५. | सामाजिक विकास मन्त्रालय | कोरोना परीक्षण, क्वारेन्टिन व्यवस्थापन, आइसोलेशन कक्ष र कोभिड-१९ नियन्त्रण र रोकथामका लागि जनशक्ति व्यवस्थापन समेतको बजेट बाँडफाँड गर्न स्वीकृति प्रदान गर्ने। |
| १६. | सामाजिक विकास मन्त्रालय | पर्वतीय विज्ञान तथा प्रविधि विश्वबिद्यालय सम्बन्भमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |